# भूमिका

कन्सुलर सेवा विभागवाट प्रदान गरिने सेवाहरुलाई थप सहज, सुलभ र प्रभावकारी बनाउन यस विभागले अनलाईन कन्सुलर सेवाको सुरुवात गरिसकेको छ । त्यसै गरी विदेशमा रहेका आफ्ना परिवारजन वा आफन्तहरु समस्यामा परेमा, घाइते भएमा उद्धार गर्न, नेपाल झिकाउन, कुनै कारणले मृत्य भएमा शव झिकाउन वा विदेशमा नै शव व्यवस्थापन गर्न, क्षतिपूर्ति वा बीमा रकम दावी गर्न, विदेशमा पेश गर्ने प्रयोजनका लागि नेपालका विभिन्न निकायहरुबाट जारी भएका कागजातहरुमा कन्सुलर प्रमाणीकरण गर्न लिनु पर्ने कन्सुलर सेवा र यसका प्रकृया बारेमा सहज रुपमा जानकारी उपलब्ध गराउने उद्देश्यले निशुल्क टेलिफोन सेवा ११५२ सञ्चालन गरिएको छ ।

कन्सुलर सेवालाई अनलाईन प्रणालीमा लैजाने क्रम यहि भाद्र १३, २०७८ बाट प्रहरी प्रतिवेदनको कन्सुलर प्रमाणीकरण गर्न अनलाईन आवेदनको प्रारम्भ गरी सुरु गरिएको छ । साथै अनलाईन प्रणालीमा थप कागजातहरु कन्सुलर प्रमाणीकरण आवेदन गर्ने गरी विस्तार गरिदै छ ।

हाल मुलुकका जुनसुकै स्थानमा रहेता पनि विदेशमा रहेका आफ्ना परिवारजन वा आफन्तहरु समस्यामा परेमा, घाइते भएमा उद्धार गर्न, नेपाल झिकाउन, कुनै कारणले मृत्य भएमा शव झिकाउन वा शव व्यवस्थापन गर्न, क्षतिपूर्ति वा वीमा रकम दावी गर्ने जस्ता कन्सुलर सेवा लिनका लागि सम्बन्धित वा सरोकारवाला आफै कन्सुलर सेवा विभाग, काठमाडौंमा नै आउनु पर्ने बाध्यता रहेको छ ।साथै कन्सुलर सेवाका प्रक्रियाका बारेमा पर्याप्त जानकारी नहुँदा पटक-पटक विभागमा आउनु पर्ने अवस्था समेत रहेको छ ।

कन्सुलर सेवाका यी सबै प्रक्रियालाई थप सरल, सहज र सुलभ बनाउन यस विभागले स्थानीय तह (स्थानीय सरकार) सँग सहकार्यको सरुवात गरेको छ । यसबाट स्थानीय तहमा नै कन्सुलर सेवाका लागि स्थानीय जनतालाई सहजीकरण हुने विश्वास लिइएको छ । साथै विभागले यसमा सबै स्थानीय तहहरुबाट प्रभावकारी सहकार्यको अपेक्षा राखेको छ ।

कन्सुलर सेवालाई थप सहज र प्रभावकारी बनाउन कन्सुलर सेवाका हरेक कार्यका लागि अपनाउनु पर्ने प्रक्रिया र विधिका बारेमा सरोकारवाला सबैलाई जानकारी हुने गरी विभागबाट **कन्सुलर सेवा हातेपुस्तिका** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैमा सहर्ष जानकारी गराईन्छ ।

परराष्ट्र मन्त्रालय
कन्सुलर सेवा विभाग
काठमाडौ
मितिः २५ भाद्र २०७८

# विषयसूची

| | | पृष्ठ नं |
|---|---|---|
| १. | कागजात प्रमाणीकरण | १-६ |
| २. | कन्सुलर तथा कानूनी परामर्श | ७-९ |
| ३. | क्षतिपूर्ति तथा बीमा रकम प्राप्त गर्नेः | ९–१५ |
| ४. | अन्य कन्सुलर सेवा | १५-१७ |
| ५. | अनुसूची-३ | १८ |
| ६. | अनुसूची-४ | १९–२० |
| ७. | अनुसूची-५ | २१ |
| ८. | अनुसूची-६ | २२ |
| ९. | अनुसूची-७ | २३ |
| १०. | अनुसूची-८ | २४ |
| ११. | अनुसूची-९ | २५ |
| १२. | अनुसूची-१० | २६ |
| १३. | अनुसूची-११ | २७ |
| १४. | अनुसूची-१२ | २८ |
| १५. | अनुसूची-१३ | २९ |
| १६. | अनुसूची-१४ | ३० |
| १७. | अनुसूची-१५ | ३१ |
| १८. | अनुसूची-१६ | ३२ |
| १९. | अनुसूची-१७ | ३३ |
| २०. | अनुसूची-२२ | ३४ |
| २१. | अनुसूची-२३ | ३५ |

# १. कागजात प्रमाणीकरण

नेपालका विभिन्न निकाय वा विभिन्न तहबाट वाट जारी गरिएका प्रमाणपत्र तथा कागजातहरु अन्य मुलुकमा पेश गर्ने प्रयोजनका लागि कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गर्नुपर्ने भएमा देहाय बमोजिमका प्रक्रिया पुरा गर्नु पर्ने छः

**प्रमाणीकरण दस्तुरः प्रमाणीकरण गर्ने प्रति पानाको रु. ५०० (पाँच सय मात्र)**

| क. सं | प्रमाणीकरण गर्नुपर्ने कागजात | जारी गर्ने निकाय | रुजु प्रमाणीकरण गर्ने निकाय/ पदाधिकारी | कन्सुलर प्रमाणीकरण गर्न संलग्न गर्नु पर्ने कागजात | कार्य दिन |
|---|---|---|---|---|---|
| १. | जन्मदर्ता प्रमाणपत्र | स्थानीय तह (गा.पा/न.पा./उ.म. न.पा/म.न.पा)को वडा कार्यालयको सचिव वा स्थानीय पञ्जिकाधिकारी | सम्बन्धित स्थानीय तह (गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा.)को प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | ➢ जन्मदर्ता प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी<br>➢ नाबालकको हकमा नाबालक परिचयपत्र वा बुवा र आमाको विवाह-दर्ता एवम् नागरिकताको सक्कल र प्रतिलिपी<br>➢ विदेशी नागरिकको हकमा बुवा वा आमा वा दुबैको राहदानी र भिसाको प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| २. | विवाह दर्ता प्रमाणपत्र | स्थानीय तह (गा.पा/न.पा./उ.म.न.पा /म.न.पा)कोवडाकार्यालय को वडा सचिव वा स्थानीय पञ्जिकाधिकारी | सम्बन्धित स्थानीय तह (गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा.) को प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | ➢ विवाह दर्ता प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ पति र पत्नि दुबैको नागरिकताको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| ३. | दर्ताविवाह प्रमाणपत्र | जिल्ला अदालत<br>वा<br>जिल्ला प्रशासन कार्यालय | | ➢ जिल्ला अदालत वा जिल्ला प्रशासन कार्यालयको दर्ता विवाह प्रमाणपत्रको सक्कल र प्रतिलिपी<br>➢ रुजुको निस्सा<br>➢ पति र पत्नीको नागरिकताको सक्कल र प्रतिलिपी<br>➢ पति वा पत्नि मध्ये कुनै एक विदेशी नागरिक भएमा विदेशी व्यक्ति को राहदानी र दर्ता विवाहको समयको भिसाको प्रतिलिपी तथा विवाह गर्ने योग्यता सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी(Eligibility to marry) | सम्बन्धित जारी गर्ने निकायसँग आवश्यक जाँच तथा प्रमाणीकरण पश्चात् |
| ४. | सम्बन्ध विच्छेद प्रमाणपत्र | स्थानीय तह (गा.पा/न.पा./उ.म.न.पा /म.न.पा)को वडा | सम्बन्धित स्थानीय तह (गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा.) को प्रमुख | ➢ सम्बन्ध विच्छेद प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ अदालतको फैसलाको प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कार्यालयको वडा सचिव वा स्थानीय पञ्जिकाधिकारी | प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | ➢ दुबै जनाको वा सम्बन्ध विच्छेद भएको निवेदकको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | दिन |
| ५. | मृत्युदर्ता प्रमाणपत्र | स्थानीय तह (गा.पा/न.पा./उ.म.न.पा/म.न.पा)को वडा कार्यालयको वडा सचिव वा स्थानीय पञ्जिकाधिकारी | सम्बन्धित स्थानीय तह (गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.) को प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | ➢ मृत्युदर्ता प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ मृतकको नागरिकता प्रमाणपत्रको सक्कल वा प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| ६. | बसाई-सराई प्रमाणपत्र | स्थानीय तह (गा.पा/न.पा./उ.म.न.पा/म.न.पा)को वडा कार्यालयको वडा सचिव वा स्थानीय पञ्जिकाधिकारी | सम्बन्धित स्थानीय तह (गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.) को प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | ➢ बसाई-सराई प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ उक्त प्रमाण पत्रमा नाम उल्लेखित घरमुली लगायत सबै व्यक्तिको नागरिकताको सक्कल र प्रतिलिपी<br>➢ नाबालकको हकमा नाबालक परिचयपत्र वा जन्मदर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| ७. | नाता प्रमाणित प्रमाणपत्र | स्थानीयतह (गा.पा/न.पा./उ.म.न.पा/म.न.पा)कोवडाकार्यालय | सम्बन्धित स्थानीयतह(गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.) को कार्यालय | ➢ नाता प्रमाणित प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ उक्त प्रमाणपत्रमा नाता कायम गरिएका सबै व्यक्तिको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी<br>➢ नाबालकको हकमा नाबालक परिचयपत्र वा जन्मदर्ता प्रमाणपत्रको सक्कल र प्रतिलिपी<br>➢ विवाहितको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी<br>➢ नाता कायम देखाउने अन्य कागजात | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| ८. | वैवाहिकअवस्था (विवाहित/अविवाहित)प्रमाणपत्र | स्थानीयतह (गा.पा/न.पा./उ.म.न.पा/म.न.पा)कोवडाकार्यालयको | सम्बन्धित स्थानीयतह(गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.) को कार्यालय | ➢ वैवाहिक अवस्था (विवाहित/ अविवाहित) प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ वैवाहिक अवस्था (विवाहित/ अविवाहित) प्रमाणपत्र प्रमाणित गर्नुपर्ने व्यक्तिको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी<br>➢ सम्बन्ध विच्छेद भएको भए अदालतको फैसला तथा सम्बन्ध विच्छेद प्रमाणपत्रको प्रमाणित प्रति सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| ९. | व्यक्तिगत घटना सम्बन्धी अन्य कागजात | स्थानीयतह (गा.पा/न.पा./उ.म.न.पा/म.न.पा)को वडा कार्यालयको | सम्बन्धित स्थानीयतह(गा.पा./न.पा./उ.म.न.पा./म.न.पा.) को कार्यालय | ➢ व्यक्तिगत घटना सम्बन्धी र अन्य कागजातको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| १०. | शैक्षिक प्रमाणपत्र | सम्बन्धित शिक्षण संस्था/ बोर्ड/ विश्वविद्यालय | ➢ कक्षा १० भन्दा मुनिको हकमा शिक्षा विकास तथा समन्वय इकाईले रुजु गरे पछि शिक्षा मन्त्रालय अन्तर्गतको तोकिएको प्रमाणीकरण शाखाको रुजु प्रमाणीकरण<br>➢ कक्षा १० देखि १२ को हकमा राष्ट्रिय परीक्षा बोर्डले रुजु प्रमाणित गरे पछि शिक्षा मन्त्रालय अन्तर्गतको तोकिएको प्रमाणीकरण शाखाको रुजु प्रमाणीकरण<br>➢ विश्वविद्यालयको हकमा सम्बन्धित विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयले रुजु गरे पछि शिक्षा मन्त्रालय अन्तर्गतको तोकिएको प्रमाणीकरण शाखाको रुजु प्रमाणीकरण | ➢ शैक्षिक प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| ११ | बैङ्क तथा वित्तिय संस्थाबाट जारी प्रमाणपत्र | सम्बन्धित बैङ्क तथा वित्तिय संस्था | नेपाल राष्ट्र बैङ्क | ➢ बैङ्क तथा वित्तिय संस्थाबाट जारी प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कल र प्रतिलिपी<br>➢ नेपाली नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| १२ | स्वास्थ्य संस्थाबाट जारी प्रमाणपत्र | सम्बन्धित स्वास्थ्य संस्था | स्वास्थ्य मन्त्रालयले तोकेको निकाय तथा व्यक्ति (स्वास्थ्य सेवा विभाग, टेकु) | ➢ स्वास्थ्य संस्थाबाट जारी प्रमाणपत्रको रुजु प्रमाणित प्रति सक्कलै र प्रतिलिपी<br>➢ नेपाली नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| १३ | सवारी चालक अनुमतिपत्र/ अभिलेख पत्र | सम्बन्धित यातायात व्यवस्था कार्यालय | अनलाईन रूजु | ➢ सवारी चालक अनुमतिपत्रको विस्तृत विवरण सहितको सम्बन्धित यातायात व्यवस्था कार्यालयको पत्रको सक्कल र प्रतिलिपी<br>➢ सवारी चालक अनुमतिपत्रको सक्कल र प्रतिलिपी<br>➢ नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>➢ सवारी चालक अनुमतिपत्रको अनलाईन | सम्बन्धित जारी गर्ने निकायसँग आवश्यक जाँच तथा प्रमाणीकरण पश्चात् |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | विवरण | |
| १४ | प्रहरी प्रतिवेदन | नेपालप्रहरी | अनलाईन रूजु | ➢ प्रहरी प्रतिवेदनको रङ्गीन अनलाईन प्रिन्ट | |
| १५ | कम्पनी दर्ताको प्रमाणपत्र | कम्पनी रजिष्ट्रारको कार्यालय | ➢ कम्पनी रजिष्ट्रारको कार्यालयले तोकेको अधिकृत स्तरको कर्मचारी | ➢ उक्त प्रमाणपत्रको रुजु प्रमाणित प्रति र सोको प्रतिलिपी<br>➢ कागतवालाको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | सम्वन्धित जारी गर्ने निकायसँग आवश्यक जाँच तथा प्रमाणीकरण पश्चात् |
| १६ | उद्योग दर्ताको प्रमाणपत्र | उद्योग विभाग | ➢ उद्योग विभागले तोकेको अधिकृत स्तरको कर्मचारी | ➢ उक्त प्रमाणपत्रको रुजु प्रमाणित प्रति र सोको प्रतिलिपी<br>➢ कागतवालाको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | सम्वन्धित जारी गर्ने निकायसँग आवश्यक जाँच तथा प्रमाणीकरण पश्चात् |
| १७ | स्थायीलेखानं. दर्ताप्रमाणपत्र (PAN)/ करचुक्ताप्रमाणपत्र | सम्बन्धित कर कार्यालय वा आन्तरिक राजस्व कार्यालय | ➢ सम्बन्धित कर कार्यालय वा आन्तरिक राजस्व कार्यालयले तोकेको अधिकृत स्तरको कर्मचारी | ➢ उक्त प्रमाणपत्रको रुजु प्रमाणित प्रति र सोको प्रतिलिपी<br>➢ कागतवालाको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | सम्वन्धित जारी गर्ने निकायसँग आवश्यक जाँच तथा प्रमाणीकरण पश्चात् |
| १८ | उत्पत्तिको प्रमाणपत्र | ➢ उत्पत्तिको प्रमाण पत्र जारी गर्ने निकाय | ➢ प्रमाण पत्र जारी गर्ने कार्यालयले तोकेको अधिकृत | ➢ उक्त प्रमाणपत्रकोरुजु प्रमाणित प्रति र सोको प्रतिलिपी<br>➢ कम्पनी दर्ता तथा PAN दर्ता प्रमाणपत्र<br>➢ विदेशमा रहेको आयातकर्ताको अनुरोधपत्<br>➢ आयकर नबिकरण सहितको प्रमाणपत्र | सम्वन्धित जारी गर्ने निकायसँग आवश्यक जाँच तथा प्रमाणीकरण पश्चात् |
| १९ | नागरिकता, नावालक परिचयपत्र, तथाराहदानीको प्रतिलिपीप्रमाणीकरण | नेपाल सरकारको सम्बन्धित निकाय | जुन निकायबाट प्रमाणपत्र जारी भएको हो सोही निकायको प्रमुख वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी | ➢ प्रमाणीकरण गर्नुपर्ने कागजात (नागरिकता प्रमाणपत्र, नावालक परिचयपत्र , राहदानी ) को सक्कल तथा रुजु प्रमाणित प्रति र सो को प्रतिलिपी<br>➢ राहदानी मात्रै प्रमाणीकरण गर्दा नागरिकता प्रमाण पत्रकोवा नावालक परिचयपत्रको सक्कल र प्रतिलिपी | सम्बन्धित जारी गर्ने निकायको अभिलेखमारुजु गरे पश्चात् |
| २० | नेपाली नागरिकको विदेशी कूटनीतिक नियोगमा शैक्षिक | कन्सुलर सेवा विभाग | | ➢ शैक्षिक योग्यताको प्रमाणपत्रको सक्कल र प्रतिलिपी<br>➢ प्रमाणपत्र वालाको नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | योग्यताको प्रमाणपत्र प्रमाणीकरण का लागि सिफारिस पत्र | | | | |
| २१ | विदेशी कूटनीतिक नियोगबाट प्रमाणित भएर आएका कागजात | | | ➢ उक्त प्रमाणपत्रको प्रमाणित प्रतिको सक्कल र प्रतिलिपी<br>➢ नेपाली नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| २२ | विदेशमा बसेको अवधिको प्रहरी प्रतिवेदनको लागि सिफारिस | कन्सुलर सेवा विभाग | | ➢ नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,<br>➢ भारत बाहेकको देशको हकमा राहदानी र बसेकोसमयको भिसाको प्रतिलिपी,<br>➢ अध्ययन, काम वा व्यवसाय गरेको संस्थाको नाम रठेगाना खुलेको कागजातको प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| २३ | विदेशको सवारी चालक अनुमति पत्र प्रमाणीकरण का लागि सिफारिस पत्र | कन्सुलर सेवा विभाग | | ➢ सम्बन्धित देशबाट प्राप्त सवारी चालक अनुमति पत्रको सक्कल र प्रतिलिपी<br>➢ निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको सक्कल रप्रतिलिपी<br>➢ सवारी चालक अनुमतिपत्र जारी हुँदा सम्बन्धितदेशमा बसेको भिसा<br>➢ विदेशीको हकमा राहदानी र भिसाको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| २४ | नेपाली नागरिकता को प्रमाणपत्र र अन्य कागजातमा नाम/थर र जन्ममिति फरक परेमा | सम्बन्धित जिल्लाप्रशासनकार्यालय | | ➢ नेपाली नागरिकताको प्रमाणपत्र र अन्य कागजातमा नाम/थर फरक परेको व्यक्ति एउटै हो भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालयको सिफारिस पत्रको सक्कल र प्रतिलिपी<br>➢ नाम/थर फरक परेका प्रमाणपत्रको सक्कल र प्रतिलिपी<br>➢ नेपाली नागरिकता प्रमाणपत्रको सक्कल रप्रतिलिपी<br>➢ नाबालकको हकमा नाबालक परिचयपत्रको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |
| २५ | दर्ता विवाह , सम्बन्ध विच्छेद जस्ता अदालतबाट | कानूनी किताब व्यवस्था समिति | | ➢ अङ्ग्रेजिकरणभएको दर्ता विवाह , सम्बन्ध विच्छेद जस्ता अदालतबाट जारी प्रमाणपत्रको प्रति सक्कल र प्रतिलिपी<br>➢ अदालतको विवाहदर्ता, सम्बन्ध विच्छेद प्रमाणपत्रको सक्कल र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |

| | | | | | |
|---|---|---|---|---|---|
| | जारी प्रमाणपत्रको अङ्ग्रेजिकरण प्रमाणीकरण | | | ➢ नेपाली नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपी<br>➢ विदेशीको हकमा राहदानी र नेपाल बसाइको भिसाको प्रतिलिपी | |
| २६ | स्थानीय निकाय वा अन्य सरकारी कार्यालयबाट जारी भएका कागजात | सम्बन्धित निकाय | तालुक निकाय | ➢ सो कागजातको सक्कल र प्रतिलिपी<br>➢ सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्र र प्रतिलिपी | कागजात रीत पुगी आए पश्चात् सोही दिन |

**द्रष्टब्य-**

- माथि उल्लिखित जुनसुकै कागजातको आधिकारिकताका बारेमा विभागले थप स्पष्ट हुन आवश्यक ठानेमा प्रमाणीकरण गर्नु अघि बुझ्न सकिनेछ।
- Power of Attorney जारी गर्ने काम यस विभागको कार्यक्षेत्र भित्र पर्दैन। कुनै मुलुकमा आफू बसेको अवधिको Police Report बनाउन कसैलाई ईच्छापत्र दिनु परेमा वा ,आफ्नो Bank बाट Balance Withdrawal गर्नु परेमा निवेदक स्वयम् उपस्थित भई Letter of Consent/ Affidavit पेश गरेमा यस विभागले मनाशीव देखेमा प्रमाणीकरण गर्नसक्नेछ ।
- विदेशी नागरिकलाई नेपालका कुनै निकायबाट जारी भएका कागजात प्रमाणीकरण गर्नु परेमा निजको राहदानी र नेपाली भिसाको प्रतिलिपी आवश्यक पर्ने छ ।साथै आवश्यकता अनुसार नेपाल स्थित/सहप्रमाणीक भएको सम्बन्धित मुलुकको नियोगको सिफारिसपत्र माग गर्न सकिने छ।
- भिसाको आवश्यकता नपर्ने मुलुकको हकमा जुनसुकै कागजात प्रमाणीकरण गर्न सम्बन्धितको परिचय खुल्ने आधिकारिक कागजात आवश्यक पर्ने छ।
- शरणार्थीका रीत पूर्वक प्राप्त प्रमाणपत्रको हकमा शरणार्थी परिचयपत्रका आधारमा गृह मन्त्रालयबाट आधिकारिकताको रुजु प्रमाणीकरण पछि प्रमाणीकरण गर्न सकिने छ।
- माथि उल्लिखित बाहेक अन्य कागजातको हकमा प्रचलित कानूनका आधारमा विभागले उचित प्रक्रिया पूरा गरी प्रमाणीकरण गर्न सक्ने छ।
- कागजात प्रमाणीकरण गर्न स्वयम् उपस्थित हुन नसकि अन्य कोही व्यक्ति आउने भएमा निजले सरकारी निकायबाट जारी भएको आफ्नो परिचय खुल्ने परिचयपत्रको सक्कल र प्रतिलिपी साथै सम्बन्धित कागतवालाको मन्जुरीनामा पेश गर्नुपर्नेछ।

## २. कन्सुलर तथा कानूनी परामर्श

विदेशमा रहेका नेपाली नागरिक आफै वा निजका परिवार वा आफन्तजन वा सरोकारवालाले तल उल्लेखित कन्सुलर कार्यका लागि सोही खण्डमा उल्लेख भए अनुसारका कागजातहरु सहित विभागको वेबसाईटबाट अनलाईन वा स्थानीय तह मार्फत वा विभागमा आई निवेदन दिनुपर्नेछः

| **क्र. सं.** | **कन्सुलर सेवा** | **निवेदन दिने निकाय** | **पेश गर्नुपर्ने कागजात** | **निवेदन ढाँचा** |
|---|---|---|---|---|
| १ | **खोजतलास, उद्वारएवं गुनासो**<br><br>**गुनासो** | सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालय मार्फत वा विभागको वेबसाइटमार्फत अनलाईन वा विभागमा उपस्थिति भई | <u>**खोजतलास एवं उद्वार**</u><br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>• खोज तलास गर्नुपर्ने वा नेपाल फर्काउनुपर्ने व्यक्तिको राहदानीको प्रतिलिपी<br>• वेपत्ता हुनु अघि वा थुना वा जेल पर्नु अघि काम गरेको रोजगारदाताको नाम र फोन नम्बर<br>• अलपत्र परेकाको हकमा अलपत्र परेको व्यक्तिको ठेगाना र सम्पर्क नम्बर र जेलमा परेकाको हकमा जेलको नाम र ठेगाना<br>• खोजतलास एवं उद्वार गर्नुपर्ने विषयसँग सम्बन्धित अन्य कागजातका प्रतिलिपी<br><u>**गुनासो**</u><br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>• विदेशमा रहेको व्यक्तिको राहदानीको प्रतिलिपी<br>• समस्या तथा गुनासो सम्बन्धी अन्य आवश्यक कागजातहरू | **अनुसूची-३** बमोजिम |

| क्र. सं. | कन्सुलर सेवा | निवेदन दिने निकाय | पेश गर्नुपर्ने कागजात | निवेदन ढाँचा |
| --- | --- | --- | --- | --- |
| २. | **शव व्यवस्थापन** | | | |
| | **क) विदेशमा मृत्यु भएका नेपाली नागरिक को शव नेपाल झिकाउन** | सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमार्फत वा विभागको वेबसाइट मार्फत अनलाईन वा विभागमा उपस्थित भई | • निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>• मृतकको राहदानीको प्रतिलिपी<br>• मृतकले काम गरेको कम्पनीको नाम र ठेगाना<br>• शव रहेको स्थानको विवरण<br>• शव व्यवस्थापनसँग सम्बन्धित अन्य कागजातका प्रतिलिपी | **अनुसूची-४** बमोजिम |
| | **ख) विदेशमा मृत्यु भएका नेपाली नागरिकको शव विदेशमा नै अन्त्यष्टि गर्न** | सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमार्फत वा विभागको वेबसाइट मार्फत अनलाईन वा | • निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>• मृतकको राहदानीको प्रतिलिपी<br>• मृतकले काम गरेको कम्पनीको नाम र ठेगाना<br>• शव रहेको स्थानको विवरण<br>• शव व्यवस्थापनसँग सम्बन्धित अन्य कागजातका प्रतिलिपी | **अनुसूची-५** बमोजिम |

| क्र. सं. | कन्सुलर सेवा | निवेदन दिने निकाय | पेश गर्नुपर्ने कागजात | निवेदन ढाँचा |
|---|---|---|---|---|
| | | विभागमा उपस्थित भई प्रमाणित गराई | | |

### ३. क्षतिपूर्ति तथा बीमा रकम प्राप्त गर्नेः

विदेशमा कुनै दूर्घटना परेमा वा  घाईते अपांग भएमा वा मृतभएमा क्षतिपूर्ति तथा वीमा दावीका लागि विभिन्न मुलुकहरुमा सोही मुलुकको कानुनबाट तोकिएका ढाँचामा फाराम भरी तोकिएका कागजातहरु सहित सम्वन्धित मुलुकमा रहेको नेपाली नियोगलाई पठाउनु पर्ने हुँदा निम्नानुसारका प्रकृया पुरा गर्नुपर्नेछः

| | | | | |
|---|---|---|---|---|
| | **क) मलेसियाको लागि** | निवेदनका निम्ति सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमार्फत वा विभागको वेबसाइट मार्फत अनलाईन वा विभागमा उपस्थित भई । सक्कल कागजात बुझाउन परेमा विभागमा उपस्थित भई । | क्षतिपूर्ति सम्बन्धी माग फाराम (H-form/SOSCOform)<br>• मृतकको कानूनी हकदार (बाबु, आमा, श्रीमान्/श्रीमती, छोरा, अविवाहित छोरी र अठार वर्षभन्दा मुनिका भाई र बहिनी) को नेपाली नागरिकताको प्रमाणपत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति (नेपाली नागरिकताको प्रमाणपत्रमा स्पष्ट जन्म मिति नखुलेको हकमा नेपाल सरकारले जारी गरेको जन्म मिति खुलेको अन्य कागजातको अंगेजी अनुवादको नोटरी प्रमाणित प्रति)<br>• मृतकको मृत्युदर्ता, विवाहित भएमा विवाहदर्ता र अविवाहित भए सोको | **अनुसूची–६** बमोजिमको |

| | | | | |
|---|---|---|---|---|
| | | | सिफारिस पत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति<br>• मृतकको कानूनी हकदारमध्ये कसैको मृत्यु भइसकेको भए निजको मृत्युदर्ता प्रमाणपत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति | |
| | | | **H-Form**पेश गर्नु पर्ने हकमा आवश्यक पर्ने थप कागजातहरु<br>• नेपाली राजदूतावासबाट प्राप्त भएको **H-Form**(तीन सेट)<br>• सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट प्रमाणित गराई विभागमा पेस गर्नुपर्ने **अनुसूची–७** बमोजिमको सिफारिस पत्र (To Whom It May Concern) र **अनुसूची-८** बमोजिमको बकपत्र (Sworn Statement)<br>• तोकिएको नमुना अनुसारको **Letter of Authorization**<br>• कानूनी हकदारहरूको खाता रहेको नेपालको क वर्गको बैंकबाट **Bank Account Verification Letter**जसमा **Bank Account Holder's Name, Bank Account Holder's Citizenship Certificate Number, Bank Name, Bank Address, Bank Account Number, Swift Code**हरु समावेश भएको<br>• **SOSCO form**पेश गर्नु पर्ने हकमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | आवश्यक पर्ने थप कागजातहरु<br>• नेपाली राजदूतावासबाट प्राप्त भएको **SOSCO** फाराम<br>• **अनुसूची–१०** बमोजिमको नाता प्रमाणितगर्ने कागजात<br>• कानूनी हकदारहरूको खाता रहेको नेपालको क वर्गको बैंकबाट**Bank Account Verification Letter जसमा Bank Account Holder's Name, Bank Account Holder's Citizenship Certificate Number, Bank Name, Bank Address, Bank Account Number, Swift Code**हरु समावेश भएको | |
| | **ख) साउदी अरब** | सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमार्फत वा विभागको वेबसाइट मार्फत अनलाईन वा विभागमा उपस्थित भई ।<br>सक्कल कागजात प्रमाणित गरी पठाउनु परेमा विभागमा उपस्थित | **क्षतिपूर्ति र दिया रकम (Blood Money)** को लागि<br>• **अनुसूची–१०** बमोजिमको नाता प्रमाणित गर्ने कागजात<br>• **अनुसूची–११** बमोजिमको अधिकृत वारेसनामा **(Power of Attorney)**<br>• **अनुसूची–१२** बमोजिमको प्रतिबद्धता पत्र<br>• **अनुसूची–१३** बमोजिमकोउत्तराधिकार र अभिभावकत्वको प्रमाणपत्र **(Certificate of Inheritance and Guardianship)**<br>• **अनुसूची-१४** बमोजिमकोधार्मिक | **अनुसूची–९** बमोजिम |

| | | | | |
|---|---|---|---|---|
| | | भई । | अवस्था (**Religious Status**) खुल्ने प्रमाणपत्र<br>• मृतकको कानूनी हकदार (बाबु, आमा, श्रीमान्/श्रीमती, छोरा, अविवाहित छोरी र अठार वर्षभन्दा मुनिका भाइ र बहिनी) को नेपाली नागरिकताको प्रमाणपत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति (नेपाली नागरिकताको प्रमाणपत्रमा स्पष्ट जन्म मिति नखुलेको हकमा नेपाल सरकारले जारी गरेको जन्म मिति खुलेको अन्य कागजातको अंगेजी अनुवादको नोटरी प्रमाणित प्रति)<br>• मृतकको मृत्युदर्ता, विवाहित भएमा विवाहदर्ता र अविवाहित भए सोको सिफारिस पत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति<br>• मृतकको कानूनी हकदारमध्ये कसैको मृत्यु भइसकेको भए निजको मृत्युदर्ता प्रमाणपत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति<br>• क्षतिपूर्ति वा दिया रकम प्राप्त गर्ने सम्बन्धी अन्य कागजात<br>**बीमा (GOSI)**को लागि चाहिने कागजात<br>• सम्बन्धित रोजगारदाता कम्पनी वा नियोग वा विभागबाट प्राप्त **GOSI**फारम | |

| | | | | |
|---|---|---|---|---|
| | | | • **अनुसूची–१०** बमोजिमको नाता प्रमाणित गर्ने कागजात<br>• **अनुसूची–१५** बमोजिमकोकानूनी हकदारको प्रमाणपत्र (Legal Heirship Certificate)<br>• मृतकको कानूनी हकदारमध्ये कोही विद्यालयमा अध्ययनरत् भए अङ्ग्रेजी भाषामा सो व्यहोरा खुल्ने सम्बन्धित विद्यालयको सिफारिस पत्र<br>• GOSI को लागि बीमा कम्पनीबाट तोकिएको ढाँचामा कानूनी हकदारहरूको खाता रहेको नेपालको क वर्गको बैंकबाट आवश्यक सिफारिस पत्र<br>• मृतकको कानूनी हकदार (बाबु, आमा, श्रीमान्/श्रीमती, छोरा, अविवाहित छोरी र अठार वर्षभन्दा मुनिका भाइ र बहिनी) को नेपाली नागरिकताको प्रमाणपत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति (नेपाली नागरिकताको प्रमाणपत्रमा स्पष्ट जन्म मिति नखुलेको हकमा नेपाल सरकारले जारी गरेको जन्म मिति खुलेको अन्य कागजातको अंगेजी अनुवादको नोटरी प्रमाणित प्रति)<br>• मृतकको मृत्युदर्ता, विवाहित भएमा विवाह दर्ता र अविवाहित भए सोको सिफारिस पत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति | |

| | | | | |
|---|---|---|---|---|
| | | | • मृतकको कानूनी हकदारमध्ये कसैको मृत्यु भइसकेको भए निजको मृत्युदर्ता प्रमाणपत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति<br>• सम्बन्धित रोजगारदाता कम्पनी वा बीमा कम्पनीले तोकेकोढाँचाको फाराम भए सो फाराम<br>• GOSI फारममा हस्ताक्षर गर्ने २ जना साक्षीहरूको नेपाली नागरिकताको प्रमाणपत्रको अङ्ग्रेजीअनुवादको नोटरी प्रमाणित प्रति<br>• बीमा (GOSI) रकम प्राप्त गर्ने सम्बन्धी अन्य कागजात | |
| | **ग) अन्य मुलुकहरूको लागि** | सम्बन्धित स्थानीय तह वा जिल्ला प्रशासन कार्यालयमार्फत वा विभागको वेबसाइट मार्फत अनलाईन वा विभागमा उपस्थित भई ।<br>प्रमाणित गरी पठाउनु परेमा विभागमा उपस्थित भई । | • **अनुसूची–१०** बमोजिमको नाता प्रमाणित गर्ने कागजात<br>• **अनुसूची–११** बमोजिमको अधिकृत वारेसनामा (Power of Attorney), तर कुवेतको हकमा **अनुसूची–१६** र कतारको हकमा **अनुसूची–१७** बमोजिमको अधिकृत वारेसनामा (Power of Attorney)<br>• मृतकको कानूनी हकदार (बाबु, आमा, श्रीमान्/श्रीमती, छोरा, अविवाहित छोरी र अठार वर्षभन्दा मुनिका भाइ र बहिनी) को नेपाली नागरिकताको प्रमाणपत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति (नेपाली नागरिकताको प्रमाणपत्रमा | **अनुसूची-९** |

| | | | | |
|---|---|---|---|---|
| | | | स्पष्ट जन्म मिति नखुलेको हकमा नेपाल सरकारले जारी गरेको जन्म मिति खुलेको अन्य कागजातको अंगेजी अनुवादको नोटरी प्रमाणित प्रति)<br>• मृतकको मृत्यु दर्ता, विवाहित भएमा विवाह दर्ता र अविवाहित भए सोको सिफारिस पत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति<br>• मृतकको कानूनी हकदारमध्ये कसैको मृत्यु भइसकेको भए निजको मृत्युदर्ता प्रमाणपत्रको अङ्ग्रेजी अनुवादको नोटरी प्रमाणित प्रति<br>• सम्बन्धित रोजगारदाता कम्पनी वा बीमा कम्पनीले तोकेकोढाँचाको फाराम भए सो फाराम<br>• क्षतिपूर्ति वा बीमा रकम प्राप्त गर्नेसम्बन्धी अन्य कागजात | |

## ४.अन्य कन्सुलर सेवाहरुः

अन्य कन्सुलर सेवाहरुका लागि निम्नानुसारका प्रक्रिया पुरा गर्नु पर्ने छ

| **क्र.सं.** | **कन्सुलर सेवा** | **निवेदन दिने निकाय** | **पेश गर्नुपर्ने कागजात** | **निवेदन ढाँचा** |
|---|---|---|---|---|
| १. | **विदेशमा अङ्गप्रत्यारोपण गर्न सिफारिस** | विभागमा उपस्थित भई | • विदेशमा अङ्ग प्रत्यारोपण गर्न जान सम्बन्धित अस्पतालको पत्र<br>• नेपाल मेडिकल बोर्डको सिफारिस पत्र<br>• स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सिफारिसपत्र | अनुसूची-२२ |

| | | | | |
|---|---|---|---|---|
| | | | • बिरामी र अङ्ग दाताको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणपत्र वा राहदानीको प्रतिलिपी<br>• बिरामी र अङ्ग दाताबीचको नाता खुलेको प्रमाणपत्र,सम्बन्धित स्थानीय तह (महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/ गाँउपालिका) को सिफारिसपत्र<br>• बिरामी र अङ्ग दाताबीचको मञ्जुरीनामा | |
| २. | **विदेशबाटविस्फोटक पदार्थ तथा रसायन आयात गर्नका लागि सिफारिस** | विभागमा उपस्थित भई | • नेपाली सेनाको हकमा रक्षा मन्त्रालयको सिफारिसपत्र र निर्णयको प्रतिलिपी तथा अन्य सरकारी निकायको हकमा गृह मन्त्रालयको सिफारिस पत्र र निर्णयको प्रतिलिपी<br>• निजीक्षेत्रको हकमा गृह मन्त्रालयको सिफारिस पत्र र निर्णयको प्रतिलिपी<br>• कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपी र सम्बन्धित कम्पनीको पत्र<br>• अघिल्लो आर्थिक वर्षको करचुक्ता गरेको प्रमाणपत्र<br>• आयात कर्ताको प्रतिनिधि भएर आउने व्यक्तिको नेपालीनागरिकता प्रमाणपत्रको प्रतिलिपी | अनुसूची –२३ |
| ३. | **नेपाली नम्बर प्लेटका सवारी साधनलाई भारतमा आवत जावत गर्न सिफारिस** | विभागमा उपस्थित भई | • नेपाली नम्बर प्लेटका सवारी साधनलाई भारतमा आवत जावत गर्न सिफारिसको लागि निवेदन<br>• निवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>• सवारी साधनको, बीमालगायत अन्य सम्बन्धित कागजातका प्रतिलिपी<br>• सवारी साधनको करचुक्ता गरेको प्रमाणपत्र<br>• विभागले तोकेका अन्य कागजात<br>• सरकारी वा कूटनीतिक नियोगको सवारी साधन भए सम्बन्धित निकाय वा नियोगको अनुरोध पत्र रनिजी सवारी साधन भए सम्बन्धित स्थानीय तहको | |

<table>
<tr><td></td><td></td><td></td><td>प्रयोजन खुलाइएको सिफारिस पत्र तथा सवारी साधनको विवरण</td><td></td></tr>
<tr><td>४.</td><td colspan="3">नेपाली नागरिकता परित्याग सम्बन्धमाः<br>• विदेशमा रहेका नेपाली नागरिकले नेपाली नियोग मार्फत नेपाली नागरिकता त्याग गर्न निवेदन दिएमा विभागले निजको निवेदन सहितका अन्य कागजातहरू आवश्यक कारवाहीका लागि सम्बन्धित निकायमा लेखी पठाउने<br>• सम्बन्धित निकायबाट जवाफ प्राप्त भएपश्चात विभागले सम्बन्धित नेपाली नियोगलाई सोही व्यहोरा जानकारी गराउने छ ।</td><td></td></tr>
</table>

**Note:**
**GOSI: General Organization for Social Insurance**
**SOSCO: Social Security Organization**

# अनुसूची–३

## खोजतलास, उद्दार तथा गुनासोकालागि दिने निवेदनको ढाँचा

श्रीमान् महानिर्देशकज्यू, मिति:
कन्सुलर सेवाविभाग
काठमाडौं ।

**विषयः ............................................................................................... ।**

महोदय,

.................जिल्ला............................गा.पा./न.पा. वडा नं............ को श्री .............................................................. राहदानी नं. .................................. वैदेशिक रोजगारी /अध्ययन/अन्य ................................प्रयोजनकालागि ............................... देशमागएकोमा ......................................................................................................... ........................
...........................................................................................................................................
............................................................................................................................

सम्बन्धित संस्थाकम्पनीको नाम ठेगाना सम्पर्क नं: ........................................................

**निवेदकको**

नामः.................................. हस्ताक्षरः.............................नाताः:.................................

ठेगानाः:.....................................................सम्पर्क फोन नंः .....................

ईमेलः...............................

**कार्यालय प्रयोजनको लागिमात्र:**

च.नं.:
श्री नेपाली राजदूतावास/महावाणिज्यदूतावास, मितिः
..........................
विस्तृत व्यहोरा निवेदनबाटै अवगतगर्नु भई आवश्यककारवाहीगर्नुहुननिर्देशानुसार अनुरोध छ।

..............................
(निर्देशक/कन्सुलर अधिकृत/कानूनअधिकृत )

पुनश्च: विस्तृत व्यहोरा भएमा छुट्टैपानामानिवेदन लेख्न सकिने छ ।

# अनुसूची-४

## विदेशबाट शव झिकाउनेसम्बन्धी निवेदनको ढाँचा

मिति :

श्रीमान् महानिर्देशकज्यू
कन्सुलर सेवाविभाग
काठमाडौं ।

विषयः ...................................................................स्व को शवझिकाईपाउँ ।

महोदय,

... ... ... जिल्ला ... ... ... ... ... ... ... गा.पा./न.पा. वडा नं. ........ का .................................. राहदानी नं ............................... को ...................मा मृत्यु भएको जानकारी प्राप्तभएको छ । मृतकको शवनेपालल्याई अन्तिम संस्कार गर्न इच्छा भएकोले मृतकको पार्थिव शरीर नेपालझिकाई दिनु हुन अनुरोध गर्दछु । साथै शव नेपालआईपुगेपछि शवबुझ्न मृतकको नातापर्ने श्री ............................ (सम्पर्क नं ............................)तयार भएको व्यहोरा अनुरोध गर्दछु ।

मृतकआबद्ध रहेको संस्थाको:
नामः..............................................
